बागमति प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
# यातायात पूर्वाधार निर्देशनालय
हेटौंडा, मकवानपुर

पत्र सङ्ख्याः २०८२।८३
चलानी नम्बरः

**मितिः २०८२।०६।१८**

## सूचना ! सूचना ! सूचना !

जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौंबाट जारी भएको मौसम पूर्वानुमान सूचना अनुसार असोज १७ गते देखि २० गते सम्म मनसुन सक्रिय भई भारी वर्षा हुने देखि बाढी पहिरोको उच्च जोखिम रहेकोले सडक प्रयोगमा सावधानी र सतर्कता अपनाउनुहुन सम्पूर्णमा अपिल गरिन्छ। मनसुनजन्य विपद् जोखिम न्यूनिकरणका लागि हेटौंडा र काठमाडौं जोड्ने; भैंसे-भिमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली-फर्पिङ सडक तथा कुलेखानी (हेभी)-फाखेल-हुमाने-फर्पिङ सडकमा अत्यावश्यक बाहेक यात्रा नगर्नुहुन तथा रातिको समय (बेलुका ५ बजे देखि बिहान ६ बजे सम्म वा जिल्ला प्रशासन कार्यालयले तोकेबमोजिम) यात्रा नगर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। उल्लिखित सडक खण्डमा पहिरोले सडक अवरुद्ध गरे तत्काल सडक खुलाउन आवश्यक हेभि इक्विपमेन्टहरुको प्रबन्ध गरिएकोले द्रुत प्रतिकार्यका लागि ९८५५०१३१७८ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ।

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
हेटौंडा, नेपाल